च.नं. ०८२-८३-०२४

मितिः २०८२-११-०४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
काठमाण्डौ ।

विषयः जानकारी गराएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८२-११-०१ गते सम्पन्न भएको यस कम्पनीको सतौँ वार्षिक साधारण सभाबाट निम्नबमोजिमको निर्णयहरू सर्वसम्मत पारित भएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

१. आ.व. २०८१-८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा आ.व २०८१-८२ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचीहरु पारित गर्ने ।

३. आ.व. २०८२-८३ को लागि लेखापरिक्षक P & B Associates, Chartered Accountants लाई लेखापरिक्षणको पारिश्रमिक कर बाहेक रु. २२०,०००।– (अक्षरेपी दुई लाख बिस हजार रुपैँया) भुक्तानी गर्ने गरी लेखापरिक्षक नियुक्त गर्ने ।

४. मिति २०८१ कर्तिक ७ गते बसेको यस कम्पनीको विशेष साधारण सभाबाट शतप्रतिशत (१ शेयर बराबर १) हकप्रद शेयर जारी गर्ने निर्णय भए बमोजिम हकप्रद शेयर जारी गर्नको लागि नियमनकारी निकायबाट कुनै निर्देशन भएमा वा आवश्यकता अनुसार कुनै कार्य गर्नु परेमा सो कार्य गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

५. यस कम्पनीको सञ्चालक समितिको ६६ औं बैठकले संस्थापक शेयरधनीहरुको तर्फबाट हकप्रद शेयर बापतको प्राप्त Call in Advance रकममा ५ प्रतिशत व्याज भुक्तानी गर्ने निर्णय अनुमोदन गर्ने ।

६. निम्न अनुसारको उद्देश्य थप गर्न कम्पनीको प्रबन्ध पत्रमा आवश्यक संशोधन गर्ने ।

- खाद्यान्न, कृषि उत्पादन तथा सबै प्रकारका कृषि एवं कृषि–आधारित वस्तुहरू र अन्य सबै कृषि वस्तुहरू (कच्चा, प्रशोधित वा अर्ध–प्रशोधित अवस्थाका) को आयात, निर्यात, खरिद, बिक्री, दलाली, व्यापार, वितरण तथा अन्य सम्बन्धित कारोबार गर्ने ।
- प्रचलित कानुनको अधीनमा रही स्वदेशभित्र कृषि सामग्री, कृषि उत्पादन तथा यससँग सम्बन्धित वस्तुहरूको सामान्य व्यापार, थोक व्यापार, खुद्रा व्यापार तथा बजार व्यवस्थापन (मार्केटिङ) सम्बन्धी व्यवसाय सञ्चालन गर्ने ।
- कृषि तथा कृषि–सम्बन्धित वस्तुहरूको आयात, निर्यात, भण्डारण, ह्यान्डलिङ, प्रशोधन, ढुवानी तथा व्यापारका लागि आवश्यक वा उपयोगी सबै सहायक, आनुषङ्गिक तथा सम्बन्धित कार्यहरू गर्ने ।

NEPAL WAREHOUSING COMPANY LIMITED

७. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन/थप गर्न नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा वा आवश्यकता अनुसार प्रबन्धपत्र तथा नियमावलीमा परिवर्तन वा संशोधन गर्न परेमा सो गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

भवदिय,

नरेन्द्र प्रसाद भट्ट
कम्पनी सचिव